## महोत्तरी जिल्लाको औरहीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ४६ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ फागुन २६ गते देखि २८ गतेसम्म महोत्तरी जिल्लाको गौशालामा **“व्यवसायिक तरकारी खेती तालिम”** सम्पन्न गरेको संस्थाका औरही शाखा कार्यालयका शाखा प्रमुख श्री बृजमोहन प्रसाद गूप्ताले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री इन्द्र देव यादव, श्री सुरज प्रसाद खनाल र श्री शिवराज रावल रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवादिईरहेको यस संस्था बाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नतीतिर अगाडि बढेको समेत संस्थाका ब.व्यवस्थापक श्री शिवराज रावल ले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागतगर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको औरही शाखा कार्यालयका प्रमुख श्री बृजमोहन प्रसाद गुप्ताले प्रकाश पारेका थिए ।

तालिममा हिउंदे तरकारीखेती प्रविधि (काउली, बन्दा, ब्रोकाउली र गांठगोबी), करेसाबारीको परिचय र महत्व साथै टमाटर, भन्टा, खुर्सानी, भिन्डी खेतीप्रविधि तरकारीको नर्ससरी बनाउने तरीका, लहरे




खेतीप्रविधि, (लौका,कांक्रो,फर्सी, करेला, घिरौला)जरे तरकारी (मुला, गाजर, सलगम) र कोसे तरकारी (सिमी, बकुला, बोडी, केराउ) खेतीप्रविधि तरकारी खेतीमा मलखादको प्रयोग सिंचाई तथा व्यवस्थापन, सागबाली खेती र बेमौसमी तरकारी खेतीप्रविधि तरकारी बालीमा लाग्ने रोग तथा किराहरुको जानकारी तथा विषदी व्यवस्थापन तरकारी बालीमा उचित पोष्ट हार्भेष्ट र बेचबिखन कसरी बढी मूल्यपार्ने तथा बजार व्यवस्थापन सम्बन्धी विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिलगर्ने औरही शाखाका शाखा प्रमुख श्री बृजमोहन प्रसाद गुप्ताले बताएका थिए ।



यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्‍याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरु लाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलताविकास तालिम, सचेतना मूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ ।यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आई रहेको छ । साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी प्रेम श्रेष्ठले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा तरकारीखेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारीखेती गरी रहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न

यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय ब. व्यवस्थापक श्री शिवराज रावलले जानकारी गराएका थिए । तालिमको संचालन औरहीका शाखा प्रमुख श्री बृजमोहन प्रसाद गुप्ताले गरेका थिए ।

संस्थाले २०७५ पौषम मसान्त सम्ममा ३ लाख ३८ हजार २०० घर परिवारहरुमा सेवाविस्तार गरेको छ । संस्थाले २०७५पौष मसान्त सम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ । व्यवसाय गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका औरही शाखाका शाखा प्रमुख श्री बृजमोहन प्रसाद गुप्ताले जानकारी गराएका थिए ।

